प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# कर्णाली प्रदेश कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

## घर भाडामा लिने सम्बन्धी सार्वजनिक सूचना ।

**सूचना प्रकाशित मिति : २०८३।०६।२२**

परिषद्, कर्णाली प्रदेश कार्यालयको कार्यालय प्रयोजनका लागि देहायका शर्तहरूको अधिनमा रही घर भाडामा लिनुपर्ने भएकोले घरभाडामा लिने प्रयोजनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ को उपनियम (१) बमोजिमको सूचना र उपनियम (११) अनुरुप घर भाडामा दिन देहायका शर्तहरु पुगेका इच्छुक घरधनीले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नागरिकताको प्रमाण पत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, स्वीकृत घरको नक्सा, घर निर्माण सम्पन्न प्रमाण पत्र र आ.व. २०८२/०८३ को एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी, फर्म वा कम्पनी भए दर्ता नवीकरणको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र र स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न राखी परिषद्,कर्णाली प्रदेश कार्यालयले तयार गरेको प्रस्ताव फाराम भरी आफूले लिन चाहेको मासिक घरभाडा रकम (कर सहित) उल्लेख गरी निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरुः

१. भाडामा लिने घर वीरेन्द्रनगर, नगरपालिका वडा नं. ७ र ८, अन्तर्गत इत्राम,कालुञ्चोक र रत्न राजमार्गको उत्तरपट्टी खजुरा आसपासको क्षेत्र ।

२. घरसम्म कम्तिमा १५ मिटरको मोटर बाटो भएको, दुई वटा हल सहित कम्तीमा १९ वटा कोठा भएको ७५००-८००० वर्ग फिट क्षेत्रफल भएको, कम्पाउन्ड वाल र शौचालयहरूको राम्रो व्यवस्था भएको, खानेपानी तथा विद्युत सुविधा भएको ढलान घर हुनुपर्नेछ।

३. भाडामा लिइने घरमा कम्तीमा २ (दुई) वटा चार पाङ्ग्रे हलुका सवारी साधन र कम्तीमा १५ (पन्ध्र) वटा दुई पाङ्ग्रे सवारी साधन पार्किङ्ग गर्न मिल्ने पार्किङ्ग स्थल भएको हुनुपर्नेछ।

४. घरधनीले कति रकम घरभाडाको रुपमा प्रस्तावित गरेको हो, सो को रकम अंक र अक्षर दुवैमा उल्लेख गरेको हुनुपर्ने छ। घर भाडामा नियमानुसार घर बहाल कर समेतको एकमुष्ठ भाडा रकम उल्लेख गर्नुपर्नेछ।

५. घरभाडामा नियमानुसार लाग्ने घर बहाल कर रकम कट्टी गरी बाँकी रकम बैक खातामा भुक्तानी गरिनेछ।

६. घरभाडा निर्धारणको अन्तिम निर्णय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम ४ वमोज़िमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

७. घरभाडामा दिने प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस परिषद्, कर्णाली प्रदेश कार्यालयमा निहित रहनेछ।

८. घर भाडाको प्रस्ताव फारामः- घरभाडा दिने व्यक्ति,फर्म वा कम्पनीले परिषद्, कर्णाली प्रदेश कार्यालयले तयार गरेको प्रस्ताव फाराम घरधनीको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथमा राखि निवेदन पेश गर्नु पर्नेछ ।

९. प्रस्ताव दाखिला गर्ने स्थान :- भौतिक रुपमा उपस्थित भई प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर -८, आवास क्षेत्र, सुर्खेत ।

१०. प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३।०६।२८ गते कार्यालय समय भित्र। सो दिन सार्वजनिक विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र।

थप जानकारीको लागि परिषद्, कर्णाली प्रदेश कार्यालयको फोन नम्बर ०८३-५२३०२०,५२१८८५ मा सम्पर्क गर्न सकिनेछ। साथै यस कार्यालयको वेबसाइट www.ctevtkarnali.org.np बाट पनि जानकारी लिन सकिनेछ।

निर्देशक